बैठक संख्या : ९९

मिती : २०७८।१०।१४ गते

स्थान : राप्ती नगरपालिका

समय : साझँ ४ : ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसि निम्न प्रस्तावहरुमाथि छलफल गरियो ।

उपस्थिति

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा का.वा. राम कुमार सुवेदी

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.,

जिल्ला समन्वय अधिकारी चुडामणी शर्मा गौतम

लेखा अधिकृत श्री गोपाल तिवारी

शाखा अधिकृत श्री सुकदेव तम्साल (जि.स.स.)

अधिकृत छैठौं श्री सारदा देवी शर्मा

क.अ. श्री रमेश चौधरी

बैठक संख्या -९९ मिति:२०७८/१०/१४

प्रस्तावहरु

१. गत बैठकको निर्णय समिक्षा सम्बन्धमा ।
२. खोप अनुसन्धान सम्बन्धमा ।
३. विपन्नलाई कोभिड राहात सम्बन्धमा ।
४. सुरक्षित नागरिक आवास कार्यक्रम प्रगती सम्बन्धमा ।
५. प्रदेश समपुरक र विशेष योजना माग सम्बन्धमा ।
६. लोथर खोला (खण्ड क) को IEE प्रतिवेदन स्वीकृत सम्बन्धमा ।
७. लोथर खोला (खण्ड ख) को IEE प्रतिवेदन स्वीकृत सम्बन्धमा ।
८. रासी नगरपालिकाले ५ बर्षमा गरेका कामको वुकलेट प्रकाशन सम्बन्धमा ।
९. कार्यविधि बनाउने सम्वन्धमा ।
१०. बजेट रकमान्तर सम्वन्धमा ।
११. संस्थागत स्वमुल्याङ्कन लिजा सम्बन्धमा ।
१२. आर्थिक सहयोग सम्वन्धमा ।
१३. योजना संसोधन सम्वन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८।०९।१४ मा बसेको कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयन भईरहेको व्यहोरा सबै कार्यपालिका सदस्यहरुलाई जानकारी गराइयो ।

निर्णय नं. २

विभिन्न भेरियान्टको कोभिडले विश्व आक्रान्त पारेको अवस्थामा नेपाल र हाम्रो क्षेत्रमा पनि व्यापक संक्रमण रहेकोले र हालसम्म प्राप्त खोपहरुले सबै खाले भरियान्ट लाई धान्न नसकेको अवस्थामा सबै भेरियान्ट को लागि उपयुक्त हुने अन्तराष्ट्रिय स्वास्थ्य संगठनले स्वीकृत दिए बमोजिम ३ डोजको खोप अनुसन्धान गर्नका लागि भरतपुर अस्पतालका डा. भोजराज अधिकारीको प्रस्ताव अनुसार चितवन जिल्ला सिडियो कार्यालय भरतपुरको निर्णय पत्र बमोजिम भरतपुर अस्पतालमा जस्तै रासी नगरपालिकाको भण्डारा अस्पतालमा पनि खोप अनुसन्धान कार्यक्रमका लागि स्थान दिने निर्णय गरियो ।

निर्णय नं. ३

रासी नगरपालिकामा कोभिड राहातको लागि जम्मा १०३५ परिवारलाई रु १ करोड ३५ लाख बजेट प्राप्त भएकोमा वडाहरुबाट प्राप्त विवरण तोकिएको मापदण्ड र कार्यविधि अनुसार रहे नरहेको सम्वन्धित वडाअध्यक्षज्यू सँग एकीन गरी अविलम्व राहात रकम वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सुरक्षित नागरिक आवास कार्यक्रमका सन्दर्भमा भइरहेको यथार्थ अवस्थाका वारेमा प्रमुख प्रशासकीय अधिकृतबाट जानकारी गराई थप बजेट माग गर्ने निर्णय गरियो।

निर्णय नं ५

आर्थिक वर्ष २०७९/०८० को लागि प्रदेश समपुरक र विषेश योजना माग गरी यथासिघ्र पदेश मन्त्रालयमा पठाउनुपर्ने भएकोले प्रत्येक वडा बाट अति आवश्यक एक/एक बटा समपुरक र विशेष योजना सकभर शिक्षा, स्वास्थ्य, खानेपानी, सडक सबै योजना पर्ने गरी आपसी समन्वयमा सिफारिस गर्न अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

मनहरी गाउँपालिका मकवानपुरले लोथर खोलाको नियमानुसार प्रारम्भिक वातावरणिय परिक्षण लगायत नदीजन्य पदार्थको उत्खन्न संकलन विक्रि वितरणको प्रक्रियाको सम्पुर्ण अधिकार राप्ती नगरपालिका चितवनलाई प्रदान गरे अनुरुप परामर्शदाता Green Peace Service PVT LTD सिनामंगल काठमाडौबाट प्राप्त लोथर खोलाको खण्ड (क) को प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

मनहरी गाउँपालिका मकवानपुरले लोथर खोलाको नियमानुसार नदीजन्य पदार्थ उत्खन्न संकलन र विक्रि वितरण गर्न पाउने स्थान खण्ड (ख) को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा राप्ती नगरपालिका स्थापना भई स्थानीय तहको निर्वाचन भएपश्चात निर्वाचित स्थानीय सरकारले आफ्नो करिब ५ बर्षको कार्यकालमा राप्ती नगरपालिकाको समग्र आर्थिक,भौतिक सामाजिक तथा वातावरणिय क्षेत्रको विकासका लागि गरेका राम्रा कामहरुलाई एकिकृत गरी गरेका विवरणहरु तयार पारिएकोले सानो वुकलेट बनाई प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा राप्ती नगरपालिकाको बजेट तथा कार्यक्रमको कार्यान्वयन गर्नका लागि अति आवश्यक तपसिलका कार्यविधि कानुनको विद्यायन समितिबाट मस्यौदा तयार गरी स्वीकृतिका लागि सिफारिस गरेकोले यस कार्यपालिका बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

- बाल अधिकार समति गठन तथा सञ्चालन सम्वन्धी कार्यविधि २०७८
- बाल संरक्षण कोष सञ्चालन कार्यविधि २०७८

निर्णय नं १०

अविरल बर्षाले क्षति पुऱ्याएका सडक तथा अन्य संरचना निर्माण तथा मर्मत गर्न अति आवश्यक रहेको र विपत् शिर्षकमा रकम नभएकोले पाहाडी क्षेत्र कृषक लक्षित कार्यक्रमबाट रु १५ लाख र ढुङ्गा गिटी संकलन पारिश्रमिक बाट रु ६ लाख(६,००,०००) गरी जम्मा २१ लाख को योजना संसोधन गरी विपत् व्यवस्थापन शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा स्थानीय तह स्वमूल्याङ्कन कार्यविधि २०७७ (पहिलो संशोधन) बमोजिम यस रासी नगरपालिकाको आर्थिक वर्ष ०७७/७८ को संस्थागत क्षमता स्वमूल्याङ्कनका लागि जिल्ला समन्वय समिति कार्यालय भरतपुरको पृष्ठपोषण र सुझाव समेतलाई आत्मसाथ गरि प्राप्त रासी नगरपालिकाको अंक ७६.२५ लाई यस कार्यपालिकाको बैठकबाट अनुमोदन गर्दै आजैका मितिले सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

रासी नगरपालिका वडा नं. २ निवासी अपाङ्ग श्री राजु वर्तोलालाई देश विदेशमा रहेका संस्था तथा व्यक्तिहरुवाट प्राप्त सहयोगले चारपाङ्ग्रे स्कुटर () भारतबाट खरिद गर्ने भएकोले र सहयोगको लागि यस पालिकामा निवेदन दिनुभएकोले निजलाई यस पालिकाबाट रु २०,००० सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं १३

वडा नं. २ र वडा नं. ६ बाट अति जरुरी भएका निम्म योजना संसोधनको गर्न अनुरोध भई आएकोमा नियमानुसार योजना संसोधन गर्ने निर्णय गरियो।

| १ | योजनाको नाम | बजेट रकम रु | संसोधित योजनाको नाम | बजेट रकम रु |
|---|---|---|---|---|
| २ | मुडाभार ब्रह्मस्थानी मन्दिर निर्माण | १,००,००० | मुडाभार चौधरी टोल प्रतिक्षालय निर्माण | १,००,००० |
| ३ | गड्यौली चोकबाट प्रतापपुर जाने वाटो निर्माण | १०,००,००० | कैलाशपुरी मार्ग बाटो ढलान | १०,००,००० |